२०७५ श्रावण

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
स्वमीकार्तिक खापर गाउंपालिका



आर्थिक वर्ष २०७४/०७५ को

वार्षिक

# प्रगति प्रतिवेदन


स्वमीकार्तिक खापर गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
सुईजिउला वाई, बाजुरा
७ नं. प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
मार्तडी, बाजुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश ........ २

१. पृष्ठभूमी ........ ५

२. लक्ष बमोजिम उपलब्धी ........ ६

  २.१. जलउपयोग गुरुयोजना ........ 6

  २.२. भौतिक प्रगति ........ 6

  २.३. क्षमता विकास ........ 7

  २.४. जीविकोपार्जन कार्यक्रम ........ 8

३. अनुगमन तथा प्रतिवेदन ........ ९

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ १०

५. नीति तर्जुमा ........ ११

६. सहकार्य ........ ११

७. आइपरेका समस्याहरु ........ १२

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ १३

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ १५

अनुसूची ३ : सहकारी संस्थाको विवरण ........ ङ्कचचद्धच! ख्द्धद्धण□कचण थद्ध□ घङ्गद्दञथङ्गघ.

अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ १७

अनुसूची ५ : भिजिबिलिटी ........ १८

अनुसूची ६ : जनशक्ति विवरण ........ १९


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति
तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ६ : आयआर्जन सम्बन्धी विवरण
तालिका ७ : सहकारी सम्बन्धी विवरण
तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन
तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | स्वमीकातिक खापर उँपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३१ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | पूँजीगत | २४,१२८ | २४,१२८ | १६,८२५ | ७०% |
| | कार्यक्रम/चालु: | ६,९२५ | ६,९२५ | ५,७२९ | ८३% |
| | **जम्मा** | ३१,०५३ | ३१,०५३ | २२,५५४ | ७३% |

| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | स्थानीय तह | २,००० | २,००० | १,०४२ | ५२% |
| | नेपाल सरकार | ११,९७४ | ११,९७४ | ११,९७४ | १००% |
| | दातृ निकाय (GoF/EU) | १७,०७९ | १७,०७९ | ९,५३८ | ५६% |
| | **जम्मा** | ३१,०५३ | ३१,०५३ | २२,५५४ | ७३% |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | - यस आ.बा.मा परियोजना अन्तरगत ५ वटा खानेपानी योजना सञ्चालित भई ४११७ जनसंख्याले QARQ अवस्था सहितको सुधारिएको खानेपानी सुविधा प्राप्त गरेको, ( QARQ भन्नाले, Q-Quantity : भरसक प्रतिव्यक्ति प्रतिदिन कम्तिमा ४५ लिटर पानी उपलब्ध भएको, A-Accessibility : एकपटक पानी लिएर फर्कन १५ मिनेट भन्दा बढी नलाग्ने, R-Reliability : पानीको स्रोत १२ महिना नसुक्ने र Q-Quality : जैविक प्रदुषण रहित)<br>- परियोजना तेस्रो चरणको सहयोगमा निर्माण भएका सबै खानेपानी योजनाहरुमा जलवायु परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण (CCA/DRR) समेत समावेश भएको खानेपानी सुरक्षा योजना लागू भएको,<br>- परियोजनाको सहयोगमा नगरपालिकामा सञ्चालित सबै खानेपानी योजनाहरुका उपभोक्ता समितिहरु सक्रिय रही सुविधास्तर कायम गर्न सक्षम भएको, |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | परियोजनाको सहयोगमा निर्माण भएका खानेपानी योजना उपभोक्ता समितिका प्रमुख पदहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) मा कम्तिमा ५०% महिला र समानुपातिक प्रतिशतमा दलित तथा जनजाति समुदायको प्रतिनिधित्व रहेको, |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | सुधारिएको खानेपानी सुविधा उपलब्ध गराइएका मध्ये १८४० जनसंख्याले १५ वटा समुहमा आवद्ध भई घरवारी स्थापना गरेका छन् ।<br>यस आ.ब.मा घरवारी व्यवस्थापन तथा अगुवा कृषक तालिम पाएका मध्ये ९५% महिला र समानुपातिक रुपमा दलित र जनजाति समुदायको सहभागीता रहेको<br>१५ वटा घरवारी व्यवस्थापन समुह गठन /पुर्न गठन भई ३५७ घरधुरी (८९ दलित र २६८ अन्य) आवद्ध भई १८४० जनसंख्या लाभान्वीत भएका छन् ।<br>३१ परिवारले आयआर्जन तालिम प्राप्त गरेक छन् । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | १०० घरधुरीमा सुधारीयको फलामे चुलो जडान भई हरित गृह ग्याँस उत्सर्जनमा कमी आएको,<br>फिल्ड कर्मचारीहरु लाई जलवायु परिवर्तन अनुकुल र प्रकोप जोखिम न्यूनीकरणका विषयमा तालिमहरु प्रदान गरिएको,<br>परियोजनाको लगानीमा निर्माण भएका सबै योजनाहरुमा प्रकोप जोखिम न्यूनीकरण मापदण्ड कायम भएको ।<br>यस आ.बा. मा निमार्ण सम्पन्न भएका योजनाहरुको मुहान माथी रिर्चाज पिट निमार्ण तथा मुहान आस पास क्षेत्रमा बृक्षारोपण सम्पन्न । |
| नतिजा ४ : क्षमता विकास | गाउँपालीकाले यस आ.ब.मा पुजिगत तर्फ ८.२% रकम जलस्रोत विकास कोषमा योगदान गरी परियोजनाप्रति अपनत्व प्रदर्शन गरेको,<br>यस आ.ब.मा जलस्रोत विकास कोषको विनियोजित बजेटको ७३% रकम खर्च भएको जस अन्तरगत नेपाल सरकार तर्फ १००%, स्थानिय निकाय तर्फ ५२% र दातृ निकाय तर्फ ५६% खर्च रहेको छ ।<br>२ पटक सामुदायिक कार्ययोजना तयारी गोष्ठी संचालन<br>२ पटक निर्माण अवधिको गोष्ठी संचालन<br>१ पटक लेखा व्यवस्थापन पुर्नः ताजगी तालिम संचालन<br>७ पटक लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम संचालन<br>९ पटक घरबारी व्यवस्थापन अभिमुखिकरण संचालन<br>१३ पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन |

| | |
|---|---|
| | १ पटक निर्माण पूर्वको गोष्ठी संचालन<br>३ पटक सार्वजनिक सुनुवाई संचालन<br>११ पटक उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी सम्पन्न |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/०४/२९ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै ७३ प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको १०० प्रतिशत रकम खर्च भएको छ भने दातृ निकाय तर्फको रु ७५,४०,८३८ अर्को वर्षमा सरी गएको छ । स्थानीय तहको विनियोजित मध्ये रु. ९,५७,७९३ खर्च नभई आगामी वर्षमा सरी गएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा ७३% आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका ८ भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ५ योजनाहरु सम्पन्न भएका छन् भने ३ निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन् ।

यस प्रतिवेदनमा स्वामीकार्तिक खापर गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. जलउपयोग गुरुयोजना

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा तर्जुमा गर्ने लक्ष राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ। जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ। जलउपयोग गुरुयोजना सम्बन्धमा यस आर्थिक वर्षमा भएको प्रगति निम्न बमोजिम रहेको छ।

*तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति*

| लक्ष्य | प्रगति |
|---|---|
| **गाउँपालिका स्तरीय परामर्श गोष्ठी** | मिति २०७४/११/१५ गते २० जनाको उपस्थितिमा सम्पन्न गरियो। |
| **वडा स्तरीय योजना प्रथामिकिकरण र जिबिकोपार्जन कार्यान्वयन योजना तयारी** | |
| वडा नं. १ | मिति २०७४/११/१८ दखी १९ गते सम्म ४६ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| वडा नं. २ | मिति २०७४/११/२० देखी २१ गते सम्म ५४ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| वडा नं. ३ | मिति २०७४/११/२३ देखी २४ गते सम्म ५६ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| वडा नं. ४ | मिति २०७४/११/१९ देखी २० गते सम्म २६ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो |
| वडा नं. ५ | मिति २०७४/११/२२ देखी २३ गते सम्म ४२ जना सहभागिहरुको सहभागितामा सम्पन्न गरियो। |
| **गाउँपालीका स्तरीय जलउपयोग गूरुयोजना/जिबिकोपार्जन कार्यान्वयन योजना तयारी** | मिति २०७४/११/२५ देखी २६ गते सम्म ५८ जनाको उपस्थितीमा सम्पन्न गरियो। |
| **निती तथा कार्यक्रम सम्बन्धि कार्यशाला गोष्ठी** | मिति २०७५/०३/२५ देखी २६ गते सम्म २८ जनाको उपस्थितीमा सम्पन्न गरियो। |

## २.२. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

- आ.ब. २०७४/०७५ मा ५ वटा खानेपानी योजना संचालन ( ३ वटा सम्पन्न, २ वटा निमार्णाधिन)
- आ.ब. २०७४/०७५ मा १ वटा सिंचाई योजना सम्पन्न
- आ.ब. २०७४/०७५ म १०० घरधुरीमा सुधारीयको फलामे चुलो जडान

*तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न गर्ने लक्ष योजना संख्या | सम्पन्न गर्ने लक्ष लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ५ | ४११७ | ३ | १८३२ | ६० | ४४ |
| २ | सिँचाई योजनाहरु | १ | ३४८ | ० | ४२६ | ० | १२२ |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | १ | ४१९ | ० | ० | ० | ० |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | १५ | १८७५ | १५ | १८४० | १०० | ९८ |
| ५ | सुधारिएको चुल्हो (संख्या) | १०० | ६९४ | १०० | ६९४ | १०० | १०० |
| ६ | सरसफाइ तथा स्वच्छता प्रवर्धन प्याकेज | १०० | ५५० | १०० | ५५० | १०० | १०० |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

***तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण***

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | परियोजना र स्थानिय निकायको साझेदारीको पहिलो बर्ष भएकोले सुरुवाती महिनाहरुमा काम ढिलाई भएको । | गाउपालीका परियोजना व्यवस्थापन को बैठकमा मासिक कार्य योजना निमार्ण गरि सोहि अनुरुप कार्यन्वयन गर्ने । |
| २ | जेरा गाउँमा मुलको बिवादकाकारण खानेपानी योजना सम्पन्न हुन नसकेको | गाउँपालिकाले खानेपानी तथा सरसफाइको स्पस्ट निती बनाइ कार्यान्वयन गर्नुपर्ने देखीन्छ । |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुँची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- २ पटक सामुदायिक कार्ययोजना तयारी गोष्ठी संचालन
- २ पटक निर्माण अवधिको गोष्ठी संचालन
- १ पटक लेखा व्यवस्थापन पुर्नः ताजगी तालिम संचालन
- ७ पटक लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम संचालन
- ९ पटक घरबारी व्यवस्थापन अभिमुखिकरण संचालन
- १३ पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन
- १ पटक निर्माण पूर्वको गोष्ठी संचालन
- ३ पटक सार्वजनिक सुनुवाई संचालन


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

- ११ पटक उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी सम्पन्न

*तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | १९४ | २०७ | ० | ० | ६८७ | ७४७ | ८८१ | ९५४ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | १८६ | १४६ | ० | ० | ३२६ | २२१ | ५१२ | ३६७ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ८५ | ४ | ० | ० | २५६ | १२ | ३४१ | १६ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | २ | ० | ० | १६ | १४ | १६ | १६ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | २० | ५२ | ० | ० | २३ | ७९ | ४३ | १३१ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | ३३ | ३५ | ० | ० | १५५ | १०४ | १८८ | १३९ |
| **जम्मा** | ५१८ | ४४६ | ० | ० | १४६३ | ११७७ | १९८१ | १६२३ |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ।

- १५ वटा घरवारी व्यवस्थापन समुह गठन /पुर्न गठन भई ३५७ घरधुरी (८९ दलित र २६८ अन्य) आवद्ध भई १८४० जनसंख्या लाभान्वीत भएका छन्।
- १५ वटौ घरवारी व्यवस्थापन समुहलाई ३/३ दिने घरवारी व्यवस्थापन सम्बन्धी तालिम संचालन गरेको।
- १० जनालाई (४ महिला ६ पुरुष) ५ दिने अगुवा कृषक तालीम संचालन।
- ५ जनालाई (१ महिला ४ पूरुष) ५ दिने बहु उद्धेश्यीय तालीम संचालन (जिल्लामा संयुक्त रुपमा संचालन गरेको)।
- १६ जनालाई  वेमौसमी तरकारी खेती तालिम संचालन।


GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

*तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ३० | ० | १८१ | २१९ | ८९ | ० | ९९ | १८८ | ११९ | ० | २८० | ४०७ |
| ४ | ० | ० | ० | ० | ० | ० | १०१ | १०१ | ० | ० | १०१ | १०१ |
| ५ | ० | ० | ० | ० | ० | ० | ६८ | ६८ | ० | ० | ६८ | ६८ |
| **जम्मा** | ३० | ० | १८१ | २१९ | ८९ | | २६८ | ३५७ | ११९ | ० | ४४९ | ५७६ |

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ४ | ० | २२ | २६ |
| २ | व्यवसायिक फलफूल खेती | ० | ० | ० | ० |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | ० | ० |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | ५ | ५ |
| ५ | एग्रोभेट | ० | ० | ० | ० |
| **जम्मा** | | ४ | | २७ | ३१ |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७४/०७/१२ मा अनुगमन कार्यदल गठन गरिएको छ ।

*तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | मुलेपानी खा.पा.यो. स्वामीकार्तीक गा.पा. | ३ | ३ | ३ |
| २ | तल्लोजालावाडा खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ३ |
| ३ | लीगुडे खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ३ |
| ४ | ठुलोतुसारे खा.पा.योजना | ३ | २ | २ |
| ५ | जोरु खा.पा.योजना | ३ | २ | २ |
| ६ | जुकुकुलो सिचाई योजना | ३ | २ | २ |
| | जम्मा | १८ | १५ | १५ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

*तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन ( फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | जम्मा | १६ | १६ | ० |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट जलस्रोत विकास कोषको अनुगमन नभएतापनी ब्यबस्थीतरुपले खर्चको बिवरण राखीएको छ ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाव | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | | | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत आर्थिक वर्षमा भएको आम्दानी खर्चको भएको रकमको विवरण गाउँपालिकाको सूचना पाटीमा २०७५ श्रावण मसान्त भित्र प्रकाशित गरिने छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २ भाद्र २०७४ | परियोजनाको कार्यपद्धतीका बारे छलफल, जि.स.स बाट निमार्णाधिन योजना हस्तान्त्रण |
| २ | २४ असोज २०७४ | चरण बद्ध कार्य पद्धतिबारे छलफल,LRP छनौट |
| ३ | १२ कार्तिक २०७४ | योजनाको प्रथम सार्वजनिक सुनुवाईका लागी टोली गठन |
| ४ | ४ पौष २०७४ | FC र LP को विज्ञापन तथा छनौट समिति गठन |
| ५ | ७ माघ २०७४ | कर्मचारी छनौट समितिको प्रतिवेदन माथी छलफल तथा स्वीकृत र DWDRF कोषको समिक्षा |
| ६ | २६ फागुन २०७४ | आ.वा. ७५/७६ को बार्षीक कार्यक्रम छलफल तथा तयारी |
| ७ | २८ चैत्र २०७४ | कार्यक्रमको प्रगति समिक्षा |
| ८ | २१ बैशाख २०७५ | योजनाहरुको सामाग्री खरिद प्रकियाका बारे छलफल तथा जानकारी |
| ९ | ३० जेष्ठ २०७५ | सहयोगी संस्था सुचिकृतका लागी छनौट कार्य विधिमा छलफल तथा निर्णय र सिफारिस समिति गठन |
| १० | २५ असाढ २०७५ | सिफारिस समितिको प्रतिवेदन माथी छलफल तथा संक्षीपत सुचिमा परेका संस्था बाट प्राविधिक र आर्थीक प्रस्ताव माग गर्ने सम्बन्धमा |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. स्वच्छ खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना तयार गरी लागु गरिने छ ।
२. गाउँपालिका क्षेत्र भित्र एक घर एक चर्पी, जुठयान र चाङको नीति पुर्ण रुपमा लागु गरिनेछ आगामि ४ वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ। खानेपानी योजनाहरुको सुचारु संचालनका लागि प्राविधिकजनशक्तिको व्यवस्था गरिने छ।
३. खानेपानी अभाव भएका गाउँ टोल र वस्तीको सम्भाव्यता अध्ययन गरी ४ वर्ष भित्र स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।
४. प्रत्येक खानेपानी योजनामा खानेपानी सुरक्षा योजना र मर्मत सम्भार कार्यविधि अनिवार्य रुपमा लागु गर्नुपर्ने व्यवस्था गरिनेछ।
५. नयाँ बजार र नयाँ बस्ती बिकासका लागि एकिकृत बस्ती बिकास योजनालाई समन्वयतात्मक रुपमा संचालन गर्न पहल गरिनेछ।
६. खानेपानी तथा सिचाईका मुहानहरु तथा सिम क्षेत्रको संरक्षण गर्नका लागि विशेष कार्यक्रम गरिनेछ।
७. छाउपडी गोठमुक्त अभियानलाई सफल पार्न सचेतना र शिक्षाका माध्यमबाट सामाजिक अभियान संचालन गरिनेछ।
८. लैङ्गिक हिँसामुक्त गाउ घोषणाका लागि बिभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।
९. स्थानीय बालीको जर्गेना गर्नका लागि विउ उत्पादन तथा संरक्षणको लागि विउ वैंकको स्थापना तथा व्यवस्थापनलाई जोड दिइनेछ।
१०. रैथाने बालीको उत्पादनलाई वढावा दिनुका साथै बजारीकरणका लागि पहल गरिनेछ।
११. माटो परीक्षण गर्नका लागि सम्बन्धित निकायमा समन्वय गरि माटो सुहाउदो बालीको प्रर्वधनका लागि पहल गरिनेछ
१२. व्यवसायिक पशुपालनमा विशेष अनुदानको व्यवस्था गरी भेडा, वाखा र कुखुरा फर्म स्थापना गर्ने कृषक, समुह समुह युवाहरुलाई अनुदानको व्यवस्था गरिनेछ।
१३. एग्रोभेट स्थापना गर्नका लागि युवा व्यवसायीलाई प्रोत्साहन गरिनेछ।
१४. बाली बिमा, कृषि बिमा एंव पशु बिमाका कार्यक्रमहरु लागु गरिने छ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ।

*तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा, शिक्षा शाखा | पूर्ण सरसफाइ, महिनावारी स्वच्छता र पोषण सम्मेलन | प्राबिधिक रुपमा | ०००० |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

*तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | जोरु खनेपानी तथा सरसफाइ योजना मा मुल बिवाद भएको थियो । | सम्पूण समुदाय र गाउँपालिकाको उपस्थीतीमा छलफल गरी मुलको बिवाद मिलाइएको थियो । |
| २ | जेरामा मुल बिवादका कारण योजना नै हुन सकेन | ४ पटक सम्म छलफल गार्दा पनि बिवाद समाधान गर्न सकीएन |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| क.सं. | योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च (रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| **क.** | **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| १ | मुलेपानी खा.पा.यो. स्वामीकार्तीक गा.पा. | ५ | २,५०७,८४९ | १,५८३,३४५ | १,५८३,३४५ | १७५,५४३ | – | – | ९४ |
| २ | तल्लोजालावाडा खानेपानी तथा सरसफाइ योजना | ४ | ६,२४८,६६७ | ३,९५३,२६४ | ३,९५३,२६४ | ४३७,४०५ | – | – | १,२२८ |
| ३ | लीगुडे खानेपानी तथा सरसफाइ योजना | ३ | ३,२७५,५०९ | २,०७७,६३१ | २,०७७,६३१ | २२९,२५९ | – | – | ५१० |
| ४ | ठुलोतुसारे खा.पा.योजना | ४ | ५,३६९,९३२ | १,९७१,८९३ | १,९७१,८९३ | – | १ | ३,३९८,०३९ | १,१७४ |
| ५ | जोरु खा.पा.योजना | १ | ६,२६४,४५५ | २,३०८,५०० | २,३०८,५०० | – | १ | ३,९५५,९५५ | १,१११ |
| | **जम्मा :** | | २३,६६६,४११ | ११,८९४,६३३ | ११,८९४,६३३ | ८४२,२०७ | २ | ७,३५३,९९४ | ४,११७ |
| **ख.** | **सिँचाई योजना** | | | | | | | | |
| १ | जुकुकुलो सिचाई योजना | ४ | ७,६६९,३५७ | १,६१०,५०० | १,६१०,५०० | – | १ | ६,०५८,८५७ | १,६९५ |
| | **जम्मा :** | | ७,६६९,३५७ | १,६१०,५०० | १,६१०,५०० | – | १ | ६,०५८,८५७ | १,६९५ |
| **ग.** | **संस्थागत शौचालय** | | | | | | | | |
| १ | सम्भुशुनन्दा माध्यमिक बिद्यालय शौचालय निमार्ण | १ | २,११८,८५० | १,६०९,९६५ | १,६०९,९६५ | – | – | – | ४१९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| घ. | सुधारिएको चुल्हो | | | | | | | | |
| १ | सुधारिएको फलामे चुल्हो योजना | १ | १,३१४,५३९ | ५८२,७१४ | ५८२,७१४ | २००,००० | - | - | ६९४ |
| ङ. | पूण सरसफाइ कृयाकलापमा सहयोग | | | | | | | | |
| १ | पूण सरसफाइ संरचना सहयोग | १ | | ८५,००० | ८५,००० | - | - | - | १,४४७ |
| | कुल जम्मा : | | ३४,७६९,१५७ | १५,७८२,८१२ | १५,७८२,८१२ | १,०४२,२०७ | ३ | १३,४१२,८५२ | ८,३७२ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम** | | | | | | | | | | |
| १ | सामुदायिक कार्ययोजना तयारी गोष्ठी | | १ दिन | २ | २ | ३ | ० | ० | ४ | ११ |
| २ | निर्माण अवधिको गोष्ठी | | १ दिन | २ | ० | ० | ० | ० | १९ | १९ |
| ३ | लेखा व्यवस्थापन पुर्नः ताजगी तालिम | | १ दिन | १ | ० | ० | ० | ० | ६ | ७ |
| ४ | लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम | | १ दिन | ७ | ६ | ८ | ० | ० | ४३ | ४१ |
| ५ | घरबारी व्यवस्थापन तालिम | | १ दिन | ९ | ८ | ९ | ० | ० | ५९ | ६७ |
| ६ | मर्मत संभार व्यवस्थापन कार्यविधि | | १ दिन | १३ | २६ | २६ | ० | ० | ११४ | १४८ |
| ७ | निर्माण पूर्वको गोष्ठी | | १ दिने | १ | ० | ० | ० | ० | ६ | ५ |
| ८ | सार्वजनिक सुनुवाई | | १ दिन | ९ | ४४ | ५३ | ० | ० | १७४ | १८० |
| ९ | धारा आमा समुहको तालिम | | १ दिने | १ | ३७ | २ | ० | ० | १४ | १० |
| १० | उपभोक्ता समिति लेखा व्यवस्थापन तालिम | | १ दिने | ३ | ४ | ३ | ० | ० | २१ | ३ |
| ११ | उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी | | १ दिने | ११ | ३९ | ६२ | ० | ० | १५८ | १७३ |
| १२ | पानी सुरक्षा योजना तालिम | | ३ दिने | ३ | ३ | ७ | ० | ० | १६ | १९ |
| १३ | सामाजिक नक्शांकन | | १ दिन | १ | २३ | ३१ | ० | ० | ४५ | ५३ |
| १४ | उपभोक्ता समिति खरिद तथा व्यवस्थापन तालिम | | ३ दिने | २ | २ | ३ | ० | ० | ८ | ११ |
| **सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्वन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | विश्व हात धुने दिवस | | १ दिने | २ | २९ | २२ | ० | ० | ३१ | ३० |
| २ | महिनाबारी स्वच्छता दिवस | | १ दिने | १ | २९ | ३१ | ० | ० | ४० | ४९ |
| ३ | राष्टिय सरसफाई सप्ताह | | ७ दिने | १ | २६ | ३४ | ० | ० | ५५ | ३१ |
| ४ | बिश्व वाताबरण दिवस | | १ दिने | १ | ५१ | ५९ | ० | ० | ८० | ८६ |
| ५ | बिश्व पानी दिवस | | १ दिने | १ | ० | ० | ० | ० | २० | २५ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अन्तराष्टिय नारी दिवस | | १ दिने | १ | ५१ | ० | ० | ० | १०० | ० |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरबारी व्यवस्थापन तालिम | | ३ दिने | १५ | ८५ | ४ | ० | ० | २५६ | १२ |
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम | | १४ दिने | १ | ० | ० | ० | ० | ० | ३ |
| २ | अगुवा कृषकहरु तलिम | | ५ दिने | १ | ० | २ | ० | ० | ४ | ४ |
| ३ | बहुउदेश्यीय नर्सरी व्यवस्थापन तालिम | | ५ दिने | १ | | | ० | ० | १ | ३ |
| ४ | बेमौसमी तरकारी खेती तालिम | | ३ दिने | १ | | | | | ११ | ४ |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | लगानी निती सम्बन्धि गोष्ठी | | १ दिन | १ | ३ | ४ | ० | ० | ८ | १४ |
| २ | वडा स्तरिय जलउपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यान्वयन योजना तयारी गोष्ठी । | | २ दिने | ५ | १५ | ४५ | ० | ० | १० | ५५ |
| ३ | जलउपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यान्वयन योजना तयारीका लागी छलफल गोष्ठी । | | १ दिने | १ | २ | ३ | ० | ० | ५ | १० |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | महीनाबारी स्वच्छता सम्बन्धि धामीधार्की लाई अनुशिक्षण गोष्ठी | | २ दिने | १ | ० | ५ | ० | ० | २५ | ४ |
| २ | योजना दिगोपना सम्बन्धि गोष्ठी | | ३ दिने | १ | ० | ६ | ० | ० | १४ | ३४ |
| ३ | गा.पा. स्तरिय विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लबलाई पूर्ण सरसफाई सम्बन्धि गोष्ठी | | १ दिने | १ | ११ | ० | ० | ० | ६२ | ० |
| ४ | पूर्ण सरसफाई सम्बन्धि गोष्ठी | | १ दिने | १ | ६ | ४ | ० | ० | १२ | ९ |
| ५ | परियोजना व्यवस्थापन समितिलाई अध्ययन अवलोकन भ्रमण | | ९ दिने | १ | १ | ० | ० | ० | २ | १२ |
| ६ | पूर्ण सरसफाई महिनाबारी स्वच्छता तथा पोषण सम्मेलन | | २ दिने | १ | १५ | २० | ० | ० | ४० | ४५ |

## अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

# खानेपानि योजना निमार्ण पछी मिगु बासी खुसी

मिन बहादुर बुढा
फिल्ड संयोजक

स्वामिकार्तिक खापर गाउँपालिका वडा न. ५ (साबिकको वाई गाबिस ४ नं वडा)को मिगुमा एउटै महतारा परिवारका ७२ घरधुरीका समुदाय बसोबास गदै आएका छन्न । नेपालको संबिधान २०७२ ले शुद्ध तथा सुरक्षित पिउने पानि पाउनु प्रत्यक नागरीकहरुको अधिकासका रुपमा राखेता पनि मिगुबासीले सुरक्षित पिउने पानि सहजै रुपमा खान पाएका थिएन्न । गाउ भन्दा करिब आधा घण्टाको दुरमा रहेको परम्परागत पानि कुवा तथा खोलि नाउला बाट असुरक्षित खानेपानि खाने गदर्थे । असुरक्षित खानेपानीको प्रयोगले गर्दा बिभिन्न खालका सरुवारोगहरु जस्तै :आउ,जण्डीस,टाईफाईड,जुका,झाडा पखाला लगाएतका बिभिन्न खालका रागहरु लाग्ने गरेको र स्वास्थ्य संस्था नजिक नहुदा कोल्टी लगायतका अनयन्त्र ठाँउमा उपचारका लागी जाँदा रुपैयाँ खर्चहुने तथा बिभिन्न दुखपाईने कुरा स्थानिय लाल ब.बुढाले बताउनु भएको छ ।



स्वामिकार्तिक खापर गाउँपालिका/ग्रामिण जलश्रोत ब्यवसथापन परियोजना तेस्रो चरण बाजुराको सहयोगमा आ.ब २०७४/०७५ मिति २०७४ माघ २० गतेका दिन खानेपानि तथा सरसफाई योजनाको गा.पा तथा उपभोक्ता समिति बिच सम्झौता भई रु ३२०००००। मा निमार्ण हुनेगरी लिगुडे खानेपानि ९ वटा धारा योजना निमार्ण भएको छ । योजनाको निमार्ण पश्चात सबै घर धुरीका मानिस हरुले सुरक्षित खानेपानि तथा सरसफाईका क्रियाकलापहरु मा सहजता आउनुका साथै प्रयोग कर्ताहरुले सहज ढंगबाट पानिको प्रयोग गर्न थालेका छन्न भने घरबारी ब्यबस्थापन तथा चाङ्ग र जुठेल्नु निमार्ण गरी प्रयोग गरी रहेका छन्न । धारा आमा समूहको गठन तथा निएमति रुपमा बचत संकलन गरी धाराको सरसफाई र मर्मत संभार कार्यकर्ता को ब्यबस्थापन गरी सुरक्षित खानेपानि खान पाउदा अत्यान्तै खुसी लागेको स्थानिय कला महताराले बतायकि छन्न ।



## अनुसूची ५ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | | पूर्ण सरसफाइ, महीनावारी स्वच्छता व्यवस्थापन र पोषण सम्मेलनको स्वामीकार्तिक दैनिक पत्रिकामा प्रकासीत गरीयो । |
| २ | रेडियो | आ.ब. २०७४/०७५ | रेडीयो बुढीनन्दा संग सम्झौता गरी कार्यक्रम संचालन गरीएको थीयो । |
| ३ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | गाउँपालिकाको प्रत्येक वडाहरुमा महीनावारी स्वच्छता व्यवस्थापन र योजना दिगो व्यवस्थापन सम्वन्धि प्रतिबद्धता पत्र फल्याक्स मा प्रिन्ट गरी बितरण गरीयो । |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| परियोजनाको तर्फवाट ( अन्य गा.पा. मा समेत सहयोग गर्ने गरि | | | | |
| १. | नरबीर ऐडी | RVWRMP/TSU, बाजुरा | नि. जलश्रोत सल्लाहकार | १२ महिना |
| २. | दिभाकर दुवाल | RVWRMP/TSU, बाजुरा | जिबीकोपार्जन अधिकृत | ६ महिना |
| ३. | अमर बि.क. | RVWRMP/TSU, बाजुरा | सि. जलश्रोत प्राविधिक | १२ महिना |
| सहयोगी ब्याक्तिवाट परिचालित कर्मचारीहरुको विवरण | | | | |
| १ | मिन बहादुर बुढा | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | फिल्ड संयोजक | १२ महिना |
| २ | मान बहादुर थापा | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | फिल्ड संयोजक | ६ महिना |
| ३ | दिल बहादुर धामी | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | फिल्ड संयोजक | ५ महिना |
| ४ | भिम राज गिरी | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | सव् ईन्जिनियर | १२ महिना |
| ५ | दान बहादुर थापा | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | जलस्रोत प्रबिधिक | १२ महिना |
| ६ | मिना राना | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | सरसफाइ प्रबर्द्धक | ८ महिना |
| ७ | अम्मर बहादुर बि.क. | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | जलस्रोत प्रबिधिक | १२ महिना |
| ८ | कल्पना राना | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | सरसफाइ प्रबर्द्धक | १२ महिना |
| ९ | कर्ण बहादुर रावल | स्वामीकार्तिक खापर गाउँपालिका /RVWRMP बाजुरा | जिबिकोपार्जन प्रबर्द्धक | ५ महिना |